# काभ्रेपलाञ्चोक जिल्ला अदालत

धुलिखेल, काभ्रेपलाञ्चोक

फोन:- अफिस ०११-४९०२२१
श्रेस्तेदार ०११-४९०२२१
तहसिल ०११-४९०२२१
फ्याक्स ०११-४९०२२१


## विदाको अवधिमा अदालत खुला रहने सूचना ।

प्रस्तुत विषयमा तिहार २०७८ को अवसरमा मिति २०७८।०७।१८ देखि २०७८।०७।२१ गतेसम्म अदालत बन्द रहने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ । तर उक्त अवधिमा(शनिबार र भाइटिकाका दिन बाहेक) यस अदालतमा दर्ता हुन आउने बन्दीप्रत्यक्षीकरणका निवेदन उपरको सुनुवाई र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अनुमति प्रदान गर्ने लगायतका कार्य गर्नका लागि न्याय प्रशासन ऐन, २०७३ को दफा २६ तथा जिल्ला अदालत नियमावली, २०७५ को नियम ५ बमोजिम बिहान ११.०० बजेदेखि दिउँसो ३ बजेसम्म अदालत खुला रहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

साथै उक्त अवधिमा दिउँसो १.०० बजेसम्म दर्ता हुन आएका बन्दीप्रत्यक्षीकरणका निवेदन उपरको सुनुवाई सोही दिन र सो समयपछि दर्ता हुन आएका बन्दीप्रत्यक्षीकरणका निवेदन उपरको सुनुवाई अर्को दिन हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

.........................
अप्सरा चापागाई
शाखा अधिकृत